# मिसन न्यूज

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

www.missionenews.com

वर्ष-३ | अंक-२१ | २०७५ मंसिर २६ गते बुधबार | 12 December 2018 Wednesday | मूल्य रू. १०/-



कसैले पनि जातीय भेदभाव तथा छुवाछुत गर्नु वा गराउनु हुदैंन । यदि गरेमा जातीय भेदभाव ऐन बमोजिम सजाए हुनेछ ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग


## मुहार फेर्दै सान्नी त्रिवेणी

**मिसन न्यूज**

**कालिकोट -** सान्नी त्रिवेणी गाउँपालिका लुसा गाउँका शिवलाल सुवेदीको अनुहारमा खुसीको सिमानै छैन। उनको गाउँको आगनीमा चार पाँग्रे गाडी गुडेपछि उनि खुसीले डुवेको हुन् । विगतका दुःखका दिनलाई झलझली सम्झिँदै उनले घरको आगनमा गाडी गुडेको देख्न पाउँदा निकै उत्साहित छन्। ७० वर्षिया शिवलाल जस्तै यहाँका सयौं स्थानीयको मुहारमा खुसी छाएको छ ।

'मेरो उमेरले त डाँडो काटी सक्यो । तर मेरा छोराछोरी र गाउँलेलाइ सुविधा हुने भयो ।' शिवलाल सुवेदिले भने, 'बद्रीयाको राजापुरबाट पीठीउँमा नुनको भारी बोकेर घरपरिवार धानेका थियौं । विगत सम्झिँदा सपना जस्तो लाग्छ । त्यो दुःखका क्षणपछि अव बल्ल सुख पाइने भयो।' उनले भने, 'हेर्दाहेर्दै गाउँमा गाडी आयो । सवैलाई गरि खाने काम अव सडकले गर्ने भयो ।' कालिकोट जिल्लामा विगत २०६३ सालमा सदरमुकाम मान्ममा गाडी पुगेको थियो। कर्णाली राजमार्ग अन्तर्गत सुर्खेत - जुम्ला सडक खण्डको मान्म सदरमुकाममा यात्रु वाहक वस पुग्दा स्थानीयले तामझामका साथ खुसी पोख्दै स्वागत गरेका थिए । त्यस्तै भुगोलले ठगिएको रकुको सेरीज्युला र लुसामा गाडी पुग्दा स्थानीयले खुसी साँटासाँट गरे । सान्नी त्रिवेणीको गाउँ(गाउँमा अहिले धमाधम सडक निर्माण भइरहेको छ । स्थानीय निर्वाचन प्रश्चात जनप्रतिनिधि आएको डेढ बर्षमा विकासले फड्को मारेको छ । सडक पुर्वाधारमा गति लिँदा यहाँका स्थानीय वासी सडकको पहुँचमा लाभान्भित भएका छन् । सान्नी त्रिवेणी गाउँपालिकाको लुसा, सेरीज्युला, बटाला टोल, क्युरी, तिकुवा र रकुमा सडक सँजालले छोएको छ ।



सान्नी त्रिवेणीको लुसा,रकु सेरीज्युलामा गाडी लाइ स्वागत गर्दै स्थानीय ।

**२६ किलोमिटर ट्र्याक खुला**

सान्नी त्रिवेणी गाउँपालिकामा २६ किलोमिटर सठको ट्र्याक खुला

बाँकी ८ पृष्ठमा.....

## कर्णालीमा अख्तियारको चासो

**मिसन न्यूज**

**सुर्खेत -** कर्णाली प्रदेश सरकारका मन्त्रालयले शुरु गरेको करारमा कर्मचारी भर्ना प्रक्रियाबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चासो जनाएको छ । करारमा कर्मचारी नियुक्त प्रक्रियाबारे प्रदेश सरकारका सम्बन्धित मन्त्रालयलाई अख्तियारले सोधेको हो । स्वीकृत दरबन्दी र कर्मचारी भर्ना प्रक्रियाका सम्वन्धमा कागजपत्र उपलब्ध गराउन भनेर पत्राचार गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग सुर्खेतका सूचना अधिकृत मेघनाथ सापकोटाले जानकारी दिए । कर्णाली प्रदेशमा संघिय सरकारले खटाएका आधाभन्दा बढी कर्मचारी नआएपछि कामकाजमा समस्या परेको प्रदेश सरकारले बताउँदै आएको छ। प्रदेशका मन्त्रालय र मातहतका कार्यालयमा गरी प्रदेशमा कूल दुई हजार ३६४ कर्मचारी को दरवन्दी छ । तर अहिलेसम्म एकहजार २१४ जना कर्मचारीको मात्रै पदपूर्ति भएको छ । अझै एकहजार १५० दरवन्दी रिक्त छन् । प्रदेश सरकारका सामाजिक विकास, आन्तरिक

बाँकी ८ पृष्ठमा..

## खारेज हुने भनिएका कार्यालय बोर्ड फेरेर सदरमुकाममै धमाधम स्थापना

**विश्वनाथ सिम्खाडा**

**कालिकोट -** राज्य पुर्नरसंरचनामा गइसकेपछि जिल्ला सदरमुकाम मान्ममा रहेका सरकारी कार्यालयहरु साउन १ देखि नै खारेज हुने भनिएका कार्यालय पुनः संचालनमा आउन थालेका छन्। कृषि, पशु, घरेलु, वन, खानेपानी, स्वास्थ्य लगाएतका कार्यालय खारेज हुने र स्थानीय तहमा गाभिने सरकारको निर्णय भएपनि अहिले ती कार्यालय साइन बोर्ड फेरेर धमाधम स्थापना हुन थालेका हुन् । स्थानीयतहमा पर्याप्त कर्मचारी नभएपछि जनप्रतिनिधिहरुले खारेज हुने सरकारी कार्यालयका कर्मचारीले स्थानीय तहमा पठाउन अनुरोध गर्ने गरेका थिए। कर्मचारी अभाव भइरहेको बेला जिल्लाका कतिपय स्थानिय तहका प्रमुखहरुले आफनो ७ दिन भित्र खारेज भएका कार्यालयका कर्मचारीहरु स्थानीयतहमा जानुपर्ने माग समेत गरेका थिए । जिल्लाका खारेज हुने भनिएका विकासे सरकारी कार्यालयहरु प्रदेश मातहतमा जाने क्रम जारी रहेको छन्।



प्रदेश मातहतमा रहेको पशु सेवा विज्ञ केन्द्रको उद्घाटन गर्दै प्रमुख जिल्ला अधिकारी चन्द्र बहादुर कार्की ।

जिल्लाका सरकारी कार्यालयहरु खारेज गर्ने भने पनि विभिन्न नाम राखेर सदरमुकाममा नै राखेपछि भने गाउँ-गाउँमा सिहंदरबारको नारा अलपत्र परेको छ। सदरमुकाममा रहेका महिला विकास कार्यालय, वन, घरेलु, शिक्षा, पशु, जिल्ला अस्पताल लगायतका ८ बढी कार्यालयहरु खारेज हुने संघीय सरकारले निर्णय गरेको थियो । तर, अहिले भने जिल्लामा रहेका महिला विकास कार्यालय र जिल्ला प्राविधिक कार्यालय बाहेक अन्य सबै सरकारी कार्यालयहरु विभिन्न नामबाट सदरमुकाममा नै स्थापना भएका छन्। महिला विकास कार्यालय खारेज भएपछि

बाँकी ४ पृष्ठमा..

# प्रदेश सरकारहरुसँग जोडिएको बहस

**नगीन्द्र शाही (नेशनल)**

सर्वपरिचित अमेरिकी वैज्ञानिक बेन्जामिन फ्रांकलिनले भनेका थिए- 'मलाई बताऊ, म बिर्सन्छु। सिकाऊ, सम्झिन्छु । र, सहभागी गराऊ, म सिक्छु ।' वास्तवमा वि.सं. २०४६ अघिका शासन व्यवस्थाहरु जनतालाई केही कुरा बताउन पनि कन्जुस्याइँ गर्ने खालका मात्र थिए भने वि.सं. २०४७ सालको संविधानले सीमित भए पनि मानवहितार्थ सिकाउने बुझाउने काम गऱ्यो । तर नेपाली जनतालाई गाँउको टोलदेखि केन्द्रसम्मका संरचनाहरुमा प्रत्यक्ष सहभागी गराउने शासन व्यवस्था चाहिएको थियो ।

त्यो व्यवस्था थियो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक, जुन व्यवस्था दोस्रो संविधानसभाले वि.सं. २०७२ असोज ३ गते घोषणा भएको नेपालको संविधानले विधिवत् गऱ्यो । संविधानले व्यवस्था गरेअनुरुप देशका संघ, प्रदेश र स्थानीय तीनैवटा तहमा सरकारहरु प्रत्यक्ष जनताको बीचमा छन् । राजनीतिक दलले चुनावमा भनेझैँ र जनताले चाहे-सोचेजस्तै तत्काल यी सरकारहरु कल्पतरु नभए पनि जे होस् जनतालाई आज चित्त नबुझेको कुरा भोलि बिहानै सम्बन्धित निकायमा गएर औंला ठड्याउने सुविधा जनताले पाएका छन् । मीठो, तीतो, रुखो, निस्तोजस्तै हुँडलहाँडलको अनुभूति भए पनि सरकार र सत्ताको अनुभव जनताको घर-आँगनमा सम्भवतुल्य संघीयताले गरेको छ। संघीयता र गणतन्त्रको स्पर्श गर्न नेपाली जनताले धेरै बलिदान गरेका छन् । स्त्रीलाई प्रसूतिको पीडा थाहा भएझैँ संघीयता र गणतन्त्र ल्याउनका निम्ति ज्यान उत्सर्ग गरेका आफन्तहरुलाई सोध्दा थाहा हुन्छ, त्यस्तै आन्दोलनको मोर्चामा घाइते हालसम्म वीर र टिचिङ अस्पतालका बेडमा बेहोस जो जीवन-मृत्युको लडाइँ अनवरत लडिराखेका आन्दोलनका घाइतेहरु, आफ्नो भविष्य दाउमा राखी कलेजका परीक्षा छुटाएर सडकमा नारा लगाउँदै हिंडेका युवा विद्यार्थी र आफ्नो मुखको गाँस छिनेर नेताहरु पालेका किसानहरुलाई विदित छ। यो व्यवस्था ल्याउन खपेको पीडा जसको कुनै उपचार छैन, संघीयता र गणतन्त्रको सफलता अतिरिक्त। त्यसै कारण संघीय व्यवस्थासँग नेपाली जनताका सपनाहरु जोडिएका छन् ।

नेपालको आजसम्मको इतिहासमा नेपालका शतप्रतिशत सबै जनताले समर्थन मात्रै होइन सहभागी भएर ल्याएको राजनीतिक प्रणाली संघीय गणतन्त्र हो । नेपालको राजनीतिमा भएका सबै साना-ठूला परिवर्तनहरुका शृङ्खलामा घरेलु मात्रहरुको भन्दा विदेशी पात्रहरुको चर्चा-परिचर्चा हुने गरेको विगतको कटुसत्य नै थियो । संघीय गणतान्त्रिक नेपालको मूल कानुन निर्माण गर्दा होस् वा घोषणा गर्दा होस्, नेपालका राजनीतिक दलहरुले त्यो परम्पराको अन्त्य गरेका छन्। नेपालको आन्तरिक राजनीतिमा हुने गरेका बाहिरी सबै खाले हस्तक्षेपहरुको मुकाबिला गरेर देशमा संघीयता, गणतन्त्र आएको छ । तीनै तहमा सरकारहरु गठन भएका छन् । नेपालको राजनीति नयाँ गोरेटोमा यात्रा आरम्भ गरेको छ। संघीयता संस्थागत हुँदै गरेको परिदृश्यमा केन्द्र, प्रदेश र स्थानीय तहको संरचनाहरुमध्ये विशेष गरी प्रदेश तहको संरचनाको विषयमा केही गम्भीर सवालहरु उजागर भइरहेका छन्। केन्द्र र स्थानीय तहको संरचनाको सन्दर्भमा केही व्यावहारिक समस्याहरु छन् । ती बहस, छलफल र अन्तरक्रियाको माध्यमबाट यो वर्ष, नभए अर्को वर्ष वा पाँच वर्षपछि अर्को पात्र, अर्को पार्टीलाई चुनावमा अनुमोदन गरेर समाधान हुने प्रकृतिका छन्। तर प्रदेश संरचनाले केही सैद्धान्तिक बहसतिर जनतालाई सोच्न बाध्य बनाएको छ । के प्रदेश संरचना केन्द्र र स्थानीय तहको बीचमा सेतुको काम गर्ने तह हो ? वा आजको प्रदेश विगतका जिल्लाको भूमिका भएको जस्तो निकाय हो ? के हो त प्रदेश तह ? यो विषय आमनेपालीमा अहिले जिज्ञासा र कौतुहलताको विषय बनिराखेको छ ।

नेपालको संविधान २०७२ को अनुसूची ८,९ मा तीनै सरकारका अधिकारहरुको व्याख्या स्पस्ट गरेको भए पनि ती अधिकारको व्यावहारिक प्रयोग गर्दा प्रदेश सरकारको सन्दर्भमा केही अप्ठेराहरु देखिएका छन् । झन्डै यो नौ-दश महिनाको अवधिमा संघीयताको प्रदेश संरचना कुइरोको कागजस्तै भएको छ । न त स्थानीय तहहरु प्रदेशबाट सन्तुष्ट छन्, न त प्रदेश केन्द्रबाट सन्तुष्ट छ। संस्कार, संस्कृति र प्राकृतिक स्रोत-साधनमा नेपाल सम्पन्न भए पनि गरिबी, विपन्नता र पछौटेपनबाट ग्रसित भएको कुरा पनि त्यत्तिकै यथार्थ छ । देशमा भएका स्रोत-साधनको यथोचित दोहन गर्न नसक्दा तत्काल सीमित स्रोत-साधन छन् भने असीमित जनचाहना छन् । देशमा भएको त्यही सीमित स्रोत-साधन वितरण गर्ने संरचनाहरु धेरै हुँदा स्वाभाविक एक-आपसका अन्तरविरोध हुने कुरा जायज नै छ। देशमा राज्वस्व संकलन गर्ने निकायहरुको विस्तार भएको छ तर राज्वस्व वृद्धि गर्ने कलकारखाना र देशको आन्तरिक उत्पादनका क्षेत्रहरु विगतकै अवस्थामा छन्। समग्रमा भन्दा देशमा सेवा क्षेत्रहरुको विकास भएको छ तर उत्पादन क्षेत्रको विकास हुन सकिराखेको छैन । अर्को अर्थमा भन्दा सिंहदरबारको चेक तीन स्थानबाट हस्ताक्षर हुने भो, परन्तु खातामा मौजुदा रकम उही रहेको अवस्था छ । सबै स्थानीय तहहरुमा प्रदेशका संरचना स्थापना गर्ने जति सुहाउँदो छैन, त्यति नै दुई-तीन जिल्लाको पायक पर्ने स्थानमा प्रदेशका डिभिजन कार्यालयहरु स्थापना गरेर सेवा दिने कुरा झन् सुहाउँदो हुँदैन। त्यसै प्रादेशिक महत्वका योजना निर्माणमा मात्र प्रदेश सरकारले काम गर्ने हो भने पनि तत्काल केन्द्रको सहयोगविना ती योजनामा लाग्ने लागत स्वयम् प्रदेश सरकारहरु जुटाउन सक्छन् कि सक्दैनन् ? यदि ती योजनाहरुमा केन्द्रले नै बजेटको व्यवस्था गर्ने हो भने के प्रदेश सरकारको काम योजना सर्भे मात्र गर्ने हो त ? यो किन पनि भनिएको हो भन्दा, बजेटको भोलुम उही र त्यही बजेट कार्यान्वयनका लागि कर्मचारी तीनै सरकारका हुने हो भने बजेट विकास निर्माणतिर भन्दा पनि प्रशासनिकतिर खर्च ज्यादा हुने खतरा रहन्छ। देशको अर्थतन्त्रको ठूलो हिस्सा कर्मचारीको भरणपोषणमा खर्च हुने र विकास निमार्णका योजनाहरु कहिल्यै पूरा नहुने देखिन्छ । सबैलाई अवगत छ, राजनीतिक अस्थिरताका कारण राणाकाल, पञ्चायतकाल र प्रजातन्त्रान्त्रिक व्यवस्थामा शिलान्यास गरिएका सयौं योजनाहरु अहिलेसम्म अलपत्र अवस्थामा छन् । अर्कोतर्फ तीनैवटा सरकारको बीचमा जिम्मेवारीको अन्यौलता रह्यो भने शक्तिसंघर्ष हुने समस्या पनि देखिन्छ।

नेपाल लामो समयदेखि राजनीतिक अस्थिरताको सिकार हुँदै आएको मुलक हो। झन्डै दुई दशक विगतका स्थानीय निकायहरु जनप्रतिनिधिविहीन हुन बाध्य भए। त्यो अवस्थामा जनप्रतिनिधिहरुले समेत गर्ने काम बाध्यतावश कर्मचारीले गर्नुपऱ्यो। लामो समय दोहोरो भूमिका रहेका कर्मचारीहरुलाई जनप्रतिनिधिको निगरानी र नियन्त्रणमा बस्न त्यति सजिलो लागिराखेको छैन । काम कम हुने दाम र नाम धेरै हुने स्थानमा कर्मचारीले सरुवा रोज्दा तत्कालका लागि सबै कर्मचारीका लागि हालको प्रदेश संरचना कुनै कर्मचारीको रोजाइमा पर्दैन। सबै सेवामा कर्मचारीको पहिलो रोजाइ संघ र स्थानीय सरकारकै संरचना हुने गरेको छ। संघमा र स्थानीय तहमा सरुवा हुन अहिले सिंहदरबारमा देशभरिका कर्मचारीको बाक्लै डौडधुप देखिन्छ। तर प्रदेशस्तरका कार्यालयहरुमा जान कर्मचारीको मोह देखिएन। अर्कोतर्फ प्रदेश सदस्यहरुमा निवाचित प्रतिनिधिहरुसमेतमा काम गर्ने जागर देखिएको छैन । उल्टै आफैं प्रदेश सरकारका सदस्यहरु सार्वजनिक सभामा विचार व्यक्त गरिराखेका छन्। 'प्रदेशको माननीय हुनभन्दा स्थानीय तहको वडा अध्यक्ष हुनु ठीक रैछ', यस्ता अभिव्यक्ति उदाहरणको रुपमा लिन सकिन्छ। केन्द्र

बाँकी ४ पृष्ठमा..

## साताको भाग्यफल

- **मेष** : प्रारम्भमा स्वास्थ्यमा कमजोरी र व्यावहारिक कठिनाइ देखा पर्नाले काममा बाधा पुग्न सक्छ। तापनि मिहिनेतले उपलब्धि दिलाउनेछ।
- **वृष** : प्रारम्भमा अप्ठ्यारो परिस्थितिलाई आत्मसात् गर्दै अघि बढ्नुपर्ला। विवादास्पद काममा जुट्नुपर्दा मन खिन्न रहनेछ।
- **मिथुन** : सुरुमा विवादास्पद जिम्मेवारी वहन गर्नुपरे पनि सकारात्मक परिणामले उत्साह जगाउनेछ। व्यावसायिक काममा राम्रो फाइदा हुनेछ।
- **कर्कट** : पुरुषार्थले अवसर दिलाउनेछ भने प्रतिस्पर्धीहरू पछि पर्नेछन्। चिताएका काम बन्नाले आम्दानी बढ्नेछ। समय लागे पनि मनग्गे फाइदा उठाउन सकिनेछ
- **सिंह** : प्रारम्भमा अवसरभन्दा ठूलो चुनौती देखापर्न सक्छ। खानपानको अनिमियताले स्वास्थ्य कमजोर रहनेछ। अध्ययनमा पनि समय दिन नसकिएला।
- **कन्या** : आफन्तहरू नजिकिए पनि परिस्थिति आफ्ना लागि अलि प्रतिकूल रहने देखिन्छ। काम बिग्रने भयले सताउन सक्छ।
- **तुला** : विशेष अवसर प्राप्त हुनाले ठूलै काम आँट्न सकिनेछ। दिगो फाइदा हुने काम शुभारम्भ हुन सक्छ। पुरुषार्थ देखाएर दाम समाउने अवसर प्राप्त हुनेछ।
- **वृश्चिक**: काम दोहोर्याउनुपरे पनि प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। आर्थिक रूपमा मनग्गे फाइदा हुनेछ।
- **धनु** : विभिन्न अवसरका साथै शुभचिन्तकहरूको सहयोग जुट्नाले चिताएको काम सम्पादन हुनेछ। लगनशीलताले गुमेको प्रतिष्ठा दिलाउनेछ।
- **मकर** : प्रारम्भमा केही खर्चिलो काममा लगानी गर्नुपर्ला। तत्कालै फाइदा नहुने काममा जुट्नुपर्ने हुन सक्छ। आर्थिक अभावले पनि सताउने देखिन्छ।
- **कुम्भ** : सुरुमा आयआर्जन राम्रो हुनेछ। व्यापारमा लाभांश बढ्नेछ भने उठ्नुपर्ने रकम हातलागी हुनेछ। सहयोगीहरू फेला पर्नेछन्।
- **मीन** : प्रारम्भमा तारिफयोग्य काम गरेर अवसर हात पार्ने समय छ। आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ।

# पुरुषजति कालापहाड, महिला गाउँ कुर्दै

**नन्दराम जैसी**

**जुम्ला -** कोइरेली गाउँका युवादेखि वृद्धसम्म सबै पुरुष धन कमाउन कालापहाड 'भारत' गएपछि महिलाले मात्र गाउँ कुरिरहेका छन्। गाउँमा पुरुष नहुँदा महिलाले पूरै गाउँको रेखदेख गर्न थालेका हुन्। गाउँका सबै महिला दिनमा स्याउला, सोत्तर तथा दाउरा संकलन गर्न वा अन्य कुनै काममा निस्किएका बेला घरमा भएका महिलाले पूरै गाउँको रेखदेख गर्ने गरेको स्थानीय राजी रोकायाले बताइन्।

'पुरुषजति कालापहाड गएपछि गाउँ शून्य बनेको छ, मलामी जानेसम्म लोग्ने मान्छे पाइँदैन', उनले भनिन्, 'जिल्लामा हिंसाका घटना बढिरहेका छन्, त्यस्तो कुनै अप्रिय घटना हुन नदिन हामीले गाउँ कुर्न थालेका हौं।' महिलाहरूकै अगुवाइमा कोइरेली गाउँ मानव अधिकारमैत्री, छुइपढी, बालविवाह र मद्यपान, धूमपानमुक्त समाज घोषणा भइसकेको छ। सिंजा गाउँपालिका-२ मा पर्ने ३८ घरधुरी रहेको यो गाउँ जिल्ला सदरमुकामभन्दा ४० कोष घण्टा टाढा पर्छ। गरिबी र अशिक्षाका कारण धन कमाउन कालापहाड नै जानुपर्छ भन्ने यस गाउँका पुरुषको सोचाइ छ।



जुम्ला कोइरेली गाउँका महिलाहरु।

गाउँका पुरुषमध्ये एक जना सेनामा छन् भने अरू सबै बेरोजगार छन्। मंसिर लागेसँगै उनीहरू फुर्सदको समय धन कमाउन भन्दै कालापहाड निस्किन्छन्। पुरुषहरू कालापहाड निस्कने कोइरेली जिल्लाको प्रतिनिधि गाउँ हो। सिंजा क्षेत्रका अधिकांश गाउँमा पनि पुरुषको शून्यता छ। त्यस्तै, जुम्लाका अधिकांश बेरोजगार पुरुष मंसिरदेखि चैतसम्म धन कमाउन कालापहाड जाने गर्छन्।

यो समय जुम्लामा घरायसी कामसँगै विकासे गतिविधि पनि खासै नहुने भएकाले यहाँका युवादेखि वृद्धसम्म कालापहाड जान बाध्य छन्। जुम्लाबाट के-कति पुरुष कालापहाड छिरे भन्ने यकिन तथ्यांक नभए पनि यो समयमा कम्तीमा पनि २० हजार पुरुष कालापहाड छिर्ने गरेको स्थानीय बताउँछन्। 'गाउँमा पैसा कमाउने विकल्प छैन, पैसा नभए भोको पेट भरिँदैन', कोइरेलीका पदम रोकायाले भने, 'पुर्खादेखि कालापहाडको दुःख हटेन, घरखर्च चलाउन कालापहाड जान बाध्य छौं।' गाउँ-गाउँमा आएको सिंहदरबारमा बस्ने सिंहहरू नअघाउन्जेल गरिब-दुःखीलाई रोजगारी नमिल्ने भन्दै उनले दुखेसो पोखे।

स्थानीय पदमकला रोकायाले घरायसी समस्याका कारण बाध्य भएर मानलाई कालापहाड पठाउनुपरेको बताइन्। 'श्रीमानलाई परदेशमा अर्काको भारी बोक्न पठाउने रहर कसलाई पो हुन्छ र ? तर गाउँमा केही काम पाइँदैन', उनले भनिन्, 'गाउँमा खाली बसेर कसरी पाँच जनाको परिवार पाल्नु ?' यतिखेर कालापहाड गएका पुरुषहरू फागुन लागेसँगै खेती गर्न जिल्ला फर्किन थाल्छन्।


## सम्पुर्णमा हाम्रो अनुरोध

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।**

खानेपानी सरसफाइ तथा सव–डिभिजन
कार्यालय कालीकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔँ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ।
– खुला रुपमा राखेको र भिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔँ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

**नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।**

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## प्रदेश सरकारहरूसँग ........................

सरकार र स्थानीय सरकार काम गर्ने अनि प्रदेश सरकार गफ दिने सरकारको रुपमा जनताको माझमा परिणत हुन लागिराखेका छन् । अहिले प्रदेश सरकारहरु तीन तहको विवादमा फसेका छन् । केन्द्रले अधिकार दिएन भन्ने आरोप प्रदेशको छ भने स्थानीय सरकारको आरोप प्रदेशले काम गरेन भन्ने छ । त्यस्तै केन्द्रको गुनासो पनि 'प्रदेशले काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' गरिराखेका छन् भन्ने नै छ । प्रदेश २ को सरकारले केन्द्र सरकारलाई दिँदै गरेका खुल्ला चुनौती, अन्य प्रदेश सरकारका गुनासाका साथै राजधानी लगायतका विषयमा जनताका चुलिँदै गएका समस्यालाई हेर्दा प्रदेश सरकार अहिले जनताको कठघरामा छ । संघीयता दिगो हुने कुरा जनताको आशा, भरोसा र विश्वाससँग जोडिएको छ । जनताको बलियो समर्थनले नै व्यवस्था स्थिर हुने हो । स्थिर राजनीतिले नै देशमा सम्मृद्धिको ढोका खोल्ने हो । जनतालाई अवसरको बाटोमा यात्रा गराउन दिगो राजनीतिक व्यवस्थाको अपरिहार्यता हुन्छ । अहिलेसम्म नेपाल अविकसित हुनुको पछाडि प्रमुख एक कारण राजनीतिक गतिरोध पनि हो । नेपालको विकासका निम्ति संघीयता तत्कालका लागि निर्विकल्प व्यवस्था हो । त्यसैले देशको सम्मृद्धिका निम्ति संघीयताका सबै संरचनाहरु जनताको पक्षमा सक्रिय हुनै पर्छ । समाधानको उपाय नभएको कुनै समस्या नै हुँदैन भनेझैँ सबै ठाउँमा समस्या छन् । तिनीहरुको समाधान पनि छ । पछिल्लो समयमा प्रदेश सरकारहरुका समस्या धेरैजसो आइरहेका छन् । यी सबै समस्यालाई मंसिर २३ गते केन्द्र सरकारले आह्वान गरेको अन्तरप्रदेश परिषद्मा छलफल, बहस गरेर सैद्धान्तिकरुपमा हल गर्नुपर्छ । अधिकार माग्ने नाममा संघीयता अर्थको अनर्थ हुने गरी बोलिने अभिव्यक्तिहरुको अन्त्य हुनै पर्छ ।

## खारेज हुने भनिएका कार्यालय बोड..................

अहिले महिला विकास कार्यालयको भवनमा शसस्त्र प्रहरी बलको कार्यालय बसेको छ । अन्य सबै सरकारी कार्यालयहरु प्रदेश मातहतमा रहि जिल्लामा अहिले सम्पर्क कार्यालय जुम्लाले हेर्ने गरि कार्यालयका वोर्ड परिर्वतन गरिएका छन । जिल्ला पशु सेवा कार्यालयलाई भेटेनरि अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र जुम्लाको सर्म्पक केन्द्रका रुपमा स्थापना गरिएको छ ।


**कुन-कुन कार्यालय के नामबाट रहने भए ?**

सदरमुकामबाट खारेज गर्ने भनिएको जिल्ला कृषि विकास कार्यलयको स्थानमा कृषि ज्ञान केन्द्र रहेको छ । त्यस्तै, जिल्ला वन कार्यालयको स्थानमा डिभिजन वन कार्यालय रहेको छ । खानेपानी कार्यालयको स्थानमा जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय, जिल्ला पशु सेवा कार्यालयको नाम परिवर्तन गरि विज्ञ केन्द्र नाम रहेको छ भने जिल्ला अस्पताल पनि प्रदेशको मातहतमा रहने गरि प्रदेश सदस्य कुर्मराज शाहीले बताए । पुर्ननिर्माण प्राधिकरण यथावतै नै छ भने अनुदान व्यवस्थापन कार्यालय भनेर अर्को कार्यालय राखिएको छ । जिल्ला शिक्षा कार्यालय यस अघि नै जिल्ला प्रशासन कार्यालय मातहत रहने गरी शिक्षा विकास तथा समन्वय इकाइको नामकरण गरेर जिल्लामा राखिएको छ । घरेलु कार्यालय पनि जिल्लामा यथावत नै छ । मालपोत, नापी, प्रहरी, हुलाक, अदालत, निर्वाचन लगायत अन्य सरकारी कार्यालयहरु यथावत नै सदरमुकाममा रहेका छन् । सदरमुकाममा रहेका सरकारी कार्यालय खारेज भएपछि अब स्थानीय तहमा कर्मचारी आउनेछन् र जनताको कामगर्न सजिलो हने अपेक्षा स्थानीय तहका जनप्रतिनिधिले गरेका थिए । स्थानीय तहमा गएको १८ महिनासम्म पनि कर्मचारी समायोजन हुने आशामा बसेका जनप्रतिनिधिहरु यति बेला भने खिन्न भएका छन् । रास्कोट नगरपालिकाका नगर प्रमुख काशिचन्द्र बरालले विभिन्न वहानामा सदरमुकाममै सरकारी कार्यालय राख्ने निर्णय दुर्भाग्य भएको बताए ।

'काम भएको ठाउँमा कर्मचारी छैनन् नभएको स्थानमा कर्मचारी राखिएको छ,' उनले भने, 'अब हामी चुप लागेर बस्दैनौं । अहिले पनि रास्कोटमा ९ वटै वडा हेर्ने गरि एउटा मात्र सचिवमात्र छन कर्मचारिको अभाव खेपिरहनु परेको छ । अब हामि स्थानीय सेवा ऐन बनाएर कर्मचारी भर्ती गर्छौं ।' यस्तै प्रदेश सरकारको महातहतमा रहने गरि वोर्ड परिर्वतन गरिएका कार्यालय जुम्लाले हेर्ने भएपछि कालिकोट बासीहरुले आपत्ति जनाएका छन । सिंहदरवारको अधिकार गाँउगाँउमा जानुको सटा जिल्लामा रहेका विकासे सरकारि कार्यलयहरु जिल्लामा सर्म्पक कार्यलय खडागरि जुम्ला डिभिजनको मताहतमा रहनु फेरि पनि कर्णालीवासिलाई सरकारले दवाएर राखेको संविधान सभा सदस्य तुलाराज विस्टले बताए । स्थानिय तहमा कर्मचारिको अभाव भइरहेको वेला एउटा कार्यालयमा ४ /५ जना कर्मचारिहरुलाई वेरोजगार बनाई राख्नु गलत भएको बताए ।

# स्वास्थ्य

## बासी रोटी खानुका फाइदा



बासी खानेकुरा स्वास्थ्यका लागि निकै घातक हुन्छन् भन्ने धेरैले सुन्दै आउनुभएको छ होला । १२ घन्टाभन्दा धेरैको बासी खानेकुराको सेवनले फुड प्वाइजन तथा एसिडिटी बढ्ने हुँदा बासी खानेकुरा खान नहुने बताइन्छ । अझ जाडो मौसमको तुलनामा गर्मी मौसममा बासी खानेकुराको सेवन अझ घातक मानिन्छ । तर केही त्यस्ता खानेकुरा हुन्छन्, जुन बासी खाने गर्नाले शरीरलाई फाइदा हुने गर्छ । बासी गहुँको रोटी खाने गर्नाले शरीरमा उच्चरक्तचापदेखि मधुमेहका बिरामीका लागि राम्रो हुने गर्छ ।

**यी हुन् बासी रोटी खानुका फाइदा**

-हरेक दिन दूधसँग बासी रोटी खाने गर्नाले उच्चरक्तचाप नियन्त्रण हुन्छ तर १२ घन्टाभन्दा धेरै राखिएको बासी रोटी भने खानुहुँदैन । बासी रोटीलाई १० मिनेटजति दूधमा भिजाएर खानु राम्रो हुन्छ ।

- हाम्रो शरीरको सामान्य तापक्रम ३७ डिग्री सेल्सियस हो । तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि भए शरीरका महत्त्वपूर्ण अंगहरूलाई असर गर्छ । त्यसैले बासी दुईवटा रोटीलाई दूधमा भिजाएर १० मिनेटपछि खानाले शरीरको तापक्रम नियन्त्रणमा राख्न सहयोग गर्छ ।

- कसैलाई लगातार पेट दुखेको छ भने बासी रोटी खानु एकदम फाइदाजनक हुन्छ । अझै राती सुत्नुअघि बासी रोटीलाई दूधमा भिजाएर खाने गर्नाले कब्जियत तथा पेटसम्बन्धी अन्य समस्याबाट छुटकारा पाउन सकिन्छ ।

- मधुमेहका बिरामीलाई पनि बासी रोटी सेवन गर्नु फाइदाजनक मानिन्छ । हरेक दिन बासी रोटी १० देखि १५ मिनेट भिजाएर खाने गर्नाले मधुमेह नियन्त्रण हुने गर्छ ।


## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method)
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दाते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

डिभिजन वन कार्यालय
कालिकोट

# अख्तियारमा स्थानीय तहका उजुरी बढी

**मिसन न्यूज**

**सुर्खेत -** कर्णाली प्रदेशमा सबैभन्दा बढी स्थानीय तहसँग सम्बन्धित उजुरी पर्ने गरेका छन् । पछिल्लो समय स्थानीय तहले गरेका काम कारबाहीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतमा उजुरी पर्ने गरेका छन् । कार्यालयले आयोजना गरेको पत्रकार भेटघाटमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतका स्थानीय तह र जिल्ला समन्वय समितिलगायतका उजुरी बढी पर्ने गरेको कार्यालय प्रमुख ज्ञानराज सुवेदीले जानकारी दिए । 'कर्णालीमा पछिल्लो समय सबैभन्दा बढी स्थानीय तह र साबिकको जिल्ला विकास समितिअन्तर्गतका उजुरी बढी आउने गरेको छ' उनले भने, 'मन्त्रालयगत विवरणअनुसार संघीय मामिला तथा सामान्य प्रशासनमा मात्रै १५५ उजुरी परेका छन् । अन्य मन्त्रालयगत विवरणमा भने कम छ ।' कर्णालीका ७९ वटा स्थानीय तहसहित जिल्लाका समन्वय समितिविरुद्ध यस्ता उजुरी पर्ने गरेका छन् । कार्यालयका अनुसार चालू आर्थिक वर्षको चार महिनामा परेका ५०३ उजुरीमध्ये सबैभन्दा बढी संघीय मामिला तथा सामान्यतर्फ १५५ उजुरी परेकामा ३२ फछ्र्योट गरेको छ भने १२३ बाँकी रहेको छ । त्यस्तै, शिक्षा, विज्ञान, तथा प्रविधिअन्तर्गत १४६ उजुरी परेकोमा ३८ मात्रै फछ्र्योट भएको छ भने १०७ बाँकी रहेका छन् । तेस्रो स्थानमा रहेको वन तथा वातावरण मन्त्रालयमा ५१ उजुरी परेकामा ७ वटा फछ्र्योट भएका छन् भने ४४ वटा बाँकी रहेको कार्यालयले जनाएको छ । सबैभन्दा कम उजुरी युवा तथा खेलकुदतर्फ परेका छन् जसमा १ मात्रै उजुरी परेकोमा फछ्र्योट हुन बाँकी रहेको छ ।




**सबैभन्दा बढी उजुरी सुर्खेतमा**

त्यस्तै, कार्यालयले सार्वजनिक गरेको विवरणअनुसार कर्णालीका १० जिल्लामध्ये सुर्खेतमा सबैभन्दा धेरै उजुरी पर्ने गरेको छ । अख्तियारमा यस आर्थिक वर्षको चार महिनामा जम्मा ५०३ वटा उजुरीमध्ये सुर्खेतमा १०६ वटा उजुरी परेका छन् । कार्यालयले ३२ फछ्र्योट गरेको छ भने ७४ वटा बाँकी रहेको जनाएको छ । त्यस्तै, दोस्रो स्थानमा दैलेख रहेको छ । दैलेखमा जम्मा ८५ वटा उजुरी परेकामा १९ वटा फछ्र्योट गरेको छ भने ६६ वटा बाँकी रहेका छन् । तेस्रो स्थानमा रहेको जाजरकोट जिल्लामा ७३ वटा उजुरी परेकामा १२ वटा मात्रै फछ्र्योट गरेको छ भने ६१ वटा बाँकी रहेका छन् । चौथो स्थानमा रहेको कालिकोट जिल्लामा ५८ वटा उजुरी परेकामा ६ वटा मात्रै फछ्र्योट भएको छ भने ५२ वटा उजुरी बाँकी रहेको छ । प्रदेशको सबैभन्दा कम डोल्पा जिल्लामा उजुरी पर्ने गरेको छ । जसमा ६ वटा मात्रै उजुरी परेकामा फछ्र्योट गर्न सबै बाँकी छन् ।

**शिक्षासँग सम्बन्धित उजुरी बढी**

कार्यालयको विवरणअनुसार सुर्खेतमा सबैभन्दा बढी शिक्षासँग सम्बन्धित उजुरी बढी परेको छ । चालू आर्थिक वर्षको चार महिनामा जम्मा १०६ उजुरीमध्ये ३७ वटा शिक्षा, विज्ञान तथा प्रविधिसँग सम्बन्धित उजुरी परेकामा १२ वटा फछ्र्योट भएको छ भने २५ वटा बाँकी रहेको कार्यालयले जनाएको छ । दोस्रो स्थानमा संघीय मामिला तथा सामान्य प्रशासनतर्फ २३ वटा उजुरी परेका छन् भने सातवटा फछ्र्योट भए भने १६ वटा बाँकी रहेका छन् । त्यस्तै, वन तथा वातावरणसँग सम्बन्धित १९ वटा उजुरी परेकामा तीन वटा फछ्र्योट भएको छ भने १६ वटा बाँकी रहेको जनाइएको छ ।

**चार वर्षमा २८ जना रंगेहात**

त्यस्तै, आयोगको कार्यालयले चार वर्षको अवधिमा २८ जनालाई रंगेहात पक्राउ गरेको छ । घुस लिंदालिंदै गरेको अवस्थामा आयोगले रंगेहात पक्राउ गरेहको हो । कार्यालय आर्थिक वर्ष २०७१/७२ मा नौ जना, २०७२/७३ मा ११ जना, २०७३/७४ मा तीन जना र चालू आर्थिक वर्षमा एक जना गरी २८ जनालाई रंगेहात पक्राउ गरेको कार्यालयले जनाएको छ । राजधानीबाट

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको, मरेको, अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुआैं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**प्रमुख प्रशासकीय अधिकृत**
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौँ ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# अन्तराष्ट्रिय न्युज

## विदेशी कामदार भिर्त्याउने कानून पारित



**टोकियो (एजेन्सी) -** कामदारको अभावलाई सहज बनाउनका लागि जापानको संसद्ले शनिबार एउटा कानुन पारित गरेको छ । आफ्नो मुख्यनीति परिवर्तन गर्दै विदेशी कामदारलाई जापानमा काम गर्न दिनेबारेको कानुन आलोचनकैबीच शनिबार पारित भएको समाचार एजेन्सी रोयटर्सले उल्लेख गरेको छ। हतारमा कानुन ल्याइएको र त्यसले स्वदेशी कामदारलाई अप्ठेरोमा पार्नसक्ने भन्दै सो कानुनको आलोचना पनि भइरहेको छ। नयाँ कानुन पारित भएपछि आउँदो अप्रिल महिनादेखि विशेषतः नर्सिङ, कृषि र निर्माण क्षेत्रमा वैदेशिक कामदारले जापानमा काम गर्ने अनुमति पाउने छन् । आप्रवासनलाई लामो समयदेखि जापानमा प्रतिबन्धका रूपमा लिने गरिएको छ । तर ज्येष्ठ नागरिकको उमेरमा वृद्धि र काम गर्ने समूहमा भएको कमीका कारण देशमा विदेशी कामदार भिर्त्याउनुपर्ने माग बढ्दैसमेत गएपछि सरकारले पछिल्लो कानुन पारित गरेको हो। विपक्षी दलले बाधा व्यवधान खडा गरेपनि शनिबार देशको माथिल्लो सदनले पारित गरेको कानुन अप्रिल महिनाबाट लागू हुने बताइएको छ । जसअनुसार जापानमा काम गर्न चाहने विदेशी कामदारका लागि अब दुई प्रकारका प्रवेशाज्ञा जारी गरिनेछ । पहिलो प्रवेशाज्ञाको व्यवस्थाअनुसार विदेशी कामदारले पाँच वर्षसम्म जापान बस्न पाउने छन् तर उनीहरुका परिवारका सदस्यलाई जापान लान पाउने छैनन् । त्यसैगरी अर्को व्यवस्थाअनुसार अति दक्ष विदेशी कामदारले आफ्ना आफन्तसहित जापान बस्न पाउने छन् र जापानमै आप्रवासन को लागि योग्य पनि बन्ने छन्। विदेशी कामदारलाई कसरी जापान ल्याइन्छ भने विस्तृत विवरण भने उपलब्ध गराइएको छैन। त्यसैगरी नयाँ कानुनअनुसार कुन कुन क्षेत्रमा विदेशी कामदारलाई प्रवेशाज्ञा दिइने छ वा देशमा कुन कुन क्षेत्रमा कामदारको आवश्यकता बढी छ भन्नेबारे पनि केही विवरण दिइएको छैन ।

# ज्ञानमाला

१. पुवुदु दसानायके कुन खेल सँग सम्बन्धित छन् ?
-क्रिकेट
२. मरूभुमि नभएको महादेश ?
-युरोप
३. नाइल नदिको वरदान भनिने देश ?
- इजिप्ट
४. नेपालको उत्तर दक्षिण चौडाइ ?
- १९३ कि.मि
५. युरो १ के सँग सम्बन्धित छ ?
- सवारी
६. सबैभन्दा बढि र कम खेतियोग्य जमिनभएको जिल्ला ?
- मोरङ र मनाङ
१०. सुरेल जातिको बसोवासभएको जिल्ला ?
-दोलखा
११. facebook को स्थापना ?
-सन २००४
१२. नेल्सेन मन्डेलाको मृत्यु ?
-२०१३ डिसे. ५
१३. फिफाको ट्फि राषट्रपतिले छोएको
-२०१३ डिसे. २१
१४.पृथ्विले आफ्नो अक्षमा घुम्न लाग्ने समय ?
- सौर्य दिन
१५.चालु योजनाको उपेक्षित आर्थिक वृदिदर ?
-६ प.
१६. नोवेल पुरस्कारकति विधामा दिइन्छ
-६
१७. फोलुङ्गे पुलवा लोक्ताको जिल्ला कुन हो ?
- वाग्लुङ
१९. जनमत सङग्रह सम्पन्न् भएको मिति ?
- २०३७ बैशाख २०
२०. हरेक क्रियामा बराबर तथा विपरित प्रितित्रिया हुन्छ ?
-न्युटनको तेश्रो नियम
२१. ILO को प्रधान कार्यालय ?
-स्विजरल्याण्डको जेनेभा
२२. तामाङ सङग्राहालय कहा पर्दछ ?
- रसुवा
२४. नेपालका संरक्षितस्तानधारी बन्यजन्तु ?
-२७
२५. बृहत शान्ति सम्झौता कहिले भयो
-२०६३ मंसिर ५
२६. सबैभन्दा बढि अक्सिजन दिने बिरूवा कुन हो ?
-पिपल


## रास्कोट नगरपालिकाको सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं ।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।
रास्कोट नगरपालिका कार्यालय
कालिकोट



एक घर एक करेसाबारीको स्थापना गरौं ।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥
पचाल झरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,कालिकोट



## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक


# विकासले फेरिंदै कालिकोट पिली

मिसन न्यूज

**कालीकोट –** विभिन्न पूर्वाधार निर्माणका कारण पिलीगाउँ नमूना बन्दै गएको छ ।

**-मंसिर पहिलो साता गाउँलाई छाउपडी गोठमुक्त घोषणा गरियो । घरघरमा खानेपानीका धारा र चर्पी निर्माण भएका छन् । -गाउँको पुछारबाट बग्ने तिला नदीमाथि तुइन विस्थापन गरी झोलुंगे पुल बनेको छ। घरघरमा सौर्य प्रणालीले गाउँ झलमल्ल छ ।**

सशस्त्र द्वन्द्वको अन्तिम फौजी हमलाको शिकार पिलीबासीको जीवनस्तरसमेत फेरिंदै गएको छ । कर्णाली राजमार्ग निर्माणको क्रममा राखिएको सेनाको सडक निर्माण कार्यदलको क्याम्पमा २०६२ साउन २३ गते माओवादीले आक्रमण गरेको थियो। आक्रमणमा दुवै पक्षले ठूलो संख्यामा मानवीय र भौतिक क्षति व्यहोरेका थिए । 'कर्णाली राजमार्ग र शान्ति दुवैले गाउँ फेरियो,' खाडाचक्र ७ का वडाध्यक्ष रजबहादुर मल्लले भने 'होमस्टे, सरसफाईसहित गाउँ नमूना बन्न थालेको छ ।' उनले पिलीलाई युद्ध पर्यटकीय गाउँ बनाउन पनि पूर्वाधार निर्माणको काम भइरहेको जनाए। खाडाचक्र नगरपालिकाले पनि युद्ध पर्यटकीय क्षेत्रको लागि केही रकम छुट्याएको छ । पर्यटन मन्त्रालयको बजेटले भ्यूटावर बनाउने योजना छ।



कालिकोटको पिलीगाउँ भएर कर्णाली राजमार्ग निर्माण भएपछि बनेको बजार ।

कर्णाली राजमार्ग निर्माण सम्पन्न भएपछि पिली र आसपासका बासिन्दाको दिनचर्या फेरिएको स्थानीय निस्ता कार्कीले बताइन् । उनका अनुसार कमाइका लागि भारत धाउने युवा गाउँमै विभिन्न पेसा अपनाएर आत्मनिर्भर बन्न थालेका छन् । मंसिर पहिलो साता गाउँलाई छाउपडी गोठमुक्त घोषणा गरिएको छ। घरघरमा खानेपानीका धारा र चर्पी निर्माण गरिएको छ । गेलालाई जोड्न गाउँको पुछारमा बग्ने तिला नदीमाथि तुइन विस्थापन गरेर झोलुंगे पुल निर्माण भएको छ । घर घरमा सौर्य प्रणालीले गाउँ झलमल्ल बनाइएको छ। सडक निर्माणसँगै पिली बजार बनेपछि कालिका प्राविलाई मावि बनाइएको छ। विद्यालय भौतिक पूर्वाधार, छात्रछात्रा शौचालय, बाल मैत्री वातावरण, अभिभावकको सक्रियताजस्ता कारण जिल्लाकै नमूना विद्यालयमा दर्ज भएको छ । 'सडक नहुँदासम्म वर्षमा एकरदुई पटक अनुगमनमा आउने शिक्षाका सरोकारवाला आजभोली महिनामा दुईरतीन पटक विद्यालय हेर्न आउछन्,' स्थानीय शिक्षक पूर्णवहादुर शाहीले भने ' रारा जाने बाटोमै विद्यालय पर्ने भएकाले आन्तरिक पर्यटक पनि पिली गाउँमा गाडी र मोटरसाइकल रोकेर हेरेर फर्किने गरेका छन् ।' गाउँका सबै बालबालिका विद्यालय भर्ना भएर नियमित विद्यालय आउने गरेको उनको भनाइ छ । माओवादी आक्रमणपछि त्रासमा रहेका स्थानीयबासीले लोकतन्त्रको बहालीपछि मात्र शान्तिको सास फेर्न पाएको स्थानीय अगुवा पुत्रवहादुर मल्ल बताउँछन् । 'पहिले ( सशस्त्र द्वन्द्वको बेला) गाउँमा डर त्रासमात्र हुन्थ्यो,' पूर्वगाविस उपाध्यक्ष मल्ल भन्छन् 'अहिले व्यवस्थासँगै यहाँका बासिन्दाको अवस्था पनि फेरियो।' उनले सडक र राजनीतिक परिवर्तन दुवैले पिली फेरिएको जनाए। सशस्त्र द्वन्द्वमा

**बाँकी ८ पृष्ठमा..**

## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं। रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकोको कार्यालय**

**कालिकोट**

### स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**

**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं।**

**पलाँता गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## विकासले फेरिँदै...

गाउँ छाडेर सदरमुकाम मान्म विस्थापित बन्न बाध्य बनाइएका मल्लले अहिले गाउँमै दुई तले आरसिसी ढलानसहितको पक्की घर निर्माण गरेका छन्। पिलीको तलसेरा, माझ पिली र तल्लो पिली सबै गाउँमा खरका छाना भएकोमा अहिले अधिकांशका छाना पत्थर र टिनले छाइएका छन्। पिलीको विकासका लागि खाँडाचक्र नगरपालिकाले आवश्यक बजेट विनियोजन गरेर सडक, होमस्टे, युद्ध पर्यटकीय संरचनाका लागि पहल गरिरहेको नगर प्रमुख जसीप्रसाद पाण्डेले बताए । उनले रारा जाने पर्यटकलाई पिलीमा एक रात बस्ने वातावरण बनाउन नगरले योजना बनाएको जनाए। पिली आसपासका गाउँ पाखा, छाप्रे, गेला, ओदानकु, कालिका व्यापारिक केन्द्र बनेका छन् । करिब ५० व्यापारीले पिलीमा होटल, स्टेसनरी, खाद्य तथा खुद्रा पसल सञ्चालन गरिरहेका छन्। गाउँको बीचमा कर्णाली राजमार्ग नजिकै वडा भवन पनि छ। तल सेरा र पिली दुई गाउँको बीचबाट गएको कर्णाली राजमार्ग सुर्खेत-जुम्ला सडकले यहाँको कायाकल्प गर्न सहयोग गरेको स्थानीय बलवहादुर कार्कीको अनुभव छ । 'गाउँको वरिपरि भीरैभीर भएको पिलीलाई बादर बस्ने गाउँ भनेर हेला गर्थे,' उनले भने 'अहिले अवस्था फेरियो, हेला गर्ने गाउँका मान्छे यही बस्न आउनुपर्‍यो ।' मल्ल, कार्की, विश्वकर्मा जातजातिका करिब दुई सय घरधुरीको बसोबास पिलीमा छ। पिली अहिले खाडाचक्र नगरपालिकाको वडा नं ७ मा पर्छ । जिल्ला कृषि ज्ञान केन्द्रसहितका विभिन्न कार्यक्रमको सहयोगमा गाउँबासीले व्यवसायिक रूपले तरकारी तथा फलफूल खेती, बाखापालन सुरु गरेका छन्। स्थानीय जनक मल्लले सडक पुगेपछि केरा र सुन्तलाले बजार पाएको बताए। पिली आक्रमणमा पाँच दर्जन सेना र त्यतिकै संख्यामा माओवादीको ज्यान गएको थियो भने ६० जना नेपाली सेनालाई माओवादीले अपहरण गरी डेढ सातापछि छाडेका थिए। पिलीबाट दुई सय थान हतियार लगेका थिए। कान्तिपुरबाट

## कर्णालीमा अख्तियारको...

मामिला तथा कानुन र भूमि व्यवस्था र कृषि तथा सहकारी मन्त्रालयले विज्ञापन आह्वान गरी करारमा कर्मचारी भर्ना प्रक्रिया शुरु गरेका छन् । सामाजिक विकास मन्त्रालयले कात्तिक २९ गते सूचना प्रकाशित गरी इञ्जिनियर सेवाका १८ जना प्राविधिक कर्मचारी माग गरेको छ। त्यस्तै आन्तरिक मामिला तथा कानून मन्त्रालयले कात्तिक ३० गते ११ जना इञ्जिनियरिङ सेवाका प्राविधिक माग गरेको छ। त्यस्तै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले पनि कात्तिक २८ गते परामर्श सेवामार्फत सेवा करारअन्तर्गत दरखास्त आहवान गरेको छ । सो मन्त्रालयले एक जना इञ्जिनियर र १० जना सव(इञ्जिनियर माग गरेको छ। कर्णाली सरकारका मन्त्रीले कर्मचारीको अभावमा चाहेअनुसार काम गर्न नसकिएको जनाउँदै आएका छन्।

व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृषि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## मुहार फेर्दै ...

गरिएको छ। कर्णाली करिडोर अन्तर्गत रेगिलदेखि सेरिज्युला हुँदै लुसासम्म ९ किलोमिटर सडक निर्माण भएको गाउँपालिका प्राविधि रमेश सुवेदीले बताए। प्राविधिक स्टमेट अनुसार सडक निर्माण भएको प्राविधिक सुवेदीले बताए। त्यस्तै सान्नी त्रिवेणीको तुसार खोला देखि क्युरी हुँदै मुम्रासम्म ९ किलोमिटर, सान्नी गाड देखि चिलखोल्या हुँदै तिकुवासम्म ४ किलोमिटर, अन्य ठाउँ गरी २६ किलोमिटर सडकको ट्र्याक खुला गरिएको प्राविधिक सुवेदीले जानकारी दिए।

### चट्टान फोड्दै सडक निर्माण

डेढ बर्षमा गाउँपालिकाले योजना निर्माण लाइ प्राथमिकतामा राखेको गाउँपालिका अध्यक्ष डम्वरबहादुर शाहीले बताए । अध्यक्ष शाहीले भने, 'हामि निर्वाचित भएको पहिलो आर्थिक वर्षसँगै हालसम्म २६ किलोमिटर सडकको ट्र्याक खुला गरेका छौ । करिव ४ करोड बजेट सडकमा खर्च भएको छ। अरु स्थानीय तहको तुलनामा सान्नी त्रिवेणीमा सडक निर्माण गर्न समस्या भए पनि रातदिन खटेर काम गर्ने अध्यक्ष शाहीले बताए। उनले भने, 'भिरालो र चट्टान भएको ठाउँमा सडक निर्माण गर्न बाधा आएको छ। तै पनि ब्रेकर लगाएर चट्टान फोड्ने काम भइरहेको छ।'

### पर्यटन सम्भावना र जडिवुटी

गाउँपालिकाको ९ वटै वडामा सडक निर्माण कार्य भइरहेको छ । सडक निर्माण कार्य पुरा भएमा पर्यटनले आर्थिक उन्नती हुने गाउँपालिकाले बताएको छ । गाउँपालिकामा पर्ने, पँचदेवल, ढोकन्ना, पान्डव गुफा, त्रिवेणी धामलगायतका पर्यटकिय क्षेत्र पहिलो प्राथामिकतामा पर्ने भएका छन्। छिमेकी प्रदेश सुदुरपश्चिमको रामारोशन र छिमेकी गाउँपालिका नरहरिनाथ तथा रास्कोट नगरपालिकासँग सडक जोड्ने काम भइरहेको छ। गाउँपालिको अर्को समृद्धिको आधार जडिवुटी निर्यात गर्न पनि सहज हुने भएको छ । मुम्रा, मेहलमुडीको लेकाली क्षेत्रमा तमाम जडिवुटी पाइने गर्दछ।

सडक निर्माण पुरा भए जिल्लाकै आर्थिक समृद्धिको प्रमुख आधार पर्यटन र जडिवुटी हुने गाउँपालिकाले बताएको छ। भौगोलिक विकटताले पछि परेको गाउँपालिकामा सडकको पहुँच पुगेपछि आर्थिक समृद्धिको आधार सडक भएकाले बजेटको प्राथमिकतामा रहेको छ । गाउँगाउँमा सकड निर्माण भएपछि पर्यटकलाई घुम्न योग्य स्थान धैरै रहेको छन् । गाउँपालिकामा पर्ने पर्यटकिय क्षेत्रको अवलोकन गर्न आउने पर्यटकको लागि सडक निर्माणले ठुलो राहत पुग्ने गाउँपालिका उपाध्यक्ष होइजा बुढाले बताइन् । सडक निर्माण भए पर्यटन र व्यापारका दृष्टिकोणले तिन वटा स्थानीय तहको ट्रान्जिट विन्दु सान्नी त्रिवेणी नै बन्ने जानकारहरुले बताए।

बेस्ट कर्णाली मिडियाको नौलो धमका

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा प्रदेश नम्बर ६ बाट प्रथम सुचिकरण भएको **www. missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक पत्रिका प्रकाशन भईरहेको छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधैं यहाँको साथमा छौं।

**हाम्रा विशेषताहरु**

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्।
- अनलाईन पत्रिका डिजाइन।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
- वेव तथा अनलाईनका लागि होस्टीग।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
- भिडियो डुकुमेन्ट्रीउत्पादन।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

**फोन** : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
**इमेल** : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
मिसन न्यूज
Mission News National Weekly
राष्ट्रिय साप्ताहिक
www.missionenews.com

सम्पादक : पवित्र शाही, प्रवन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज संज्याल, कार्यालय : खाँडाचक्र न.पा.-१ कालिकोट , फोन नं. - ०८७-४४०२४२, ९८४८०४९४५५,९८६८३१५३५३ , इमेल : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com मुद्रण: ईश्वर अफ्सेट प्रेस खाँडाचक्र-१, कालिकोट